"समृद्ध नेपाल, सुखी नेपाली"
हाम्रो अभियान

राष्ट्रिय स्वाधीनता र सर्वाङ्गीण विकासका लागि

सूर्य चिन्हमा मतदान गरौं।

काठमाडौं क्षेत्र नं: ५ को विकास र समृद्धि सम्बन्धमा

हाम्रो प्रतिबद्धता

शान्ति, लोकतन्त्र,
स्वाधीनता र स्वाभिमान,
समृद्ध नेपाल, सुखी नेपाली
हाम्रो अभियान !

एमालेले उठायो देश र
जनताको स्वाभिमान,
एमालेकै नेतृत्वमा समृद्धिको
अभियान !

"समृद्ध नेपाल,
सुखी नेपाली" को आधार,
केन्द्र र प्रदेशमा
नेकपा (एमाले) सरकार !

राष्ट्रिय हितको रक्षा र
सम्बर्द्धन,
स्थायित्व, सुशासन र
विकासको प्रवर्द्धन !

ऐतिहासिक संविधानसभाबाट वि.सं २०७२ सालमा बनेको नेपालको संविधान अनुरूप भएको पहिलो आम निर्वाचन २०७४ मा काठमाडौं क्षेत्र नं ५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट ईश्वर पोखरेल, प्रदेशसभा क्षेत्र ५(१) बाट नारायण सिलवाल र ५(२) बाट दीपक निरौलालाई अत्याधिक बहुमतबाट निर्वाचित गर्नुभएकोमा काठमाडौं क्षेत्र नं ५ का जनताप्रति हामी पुनः आभार व्यक्त गर्न चाहन्छौं ।

सो निर्वाचनमा नेपाली जनताले नेकपा (एमाले) लाई सर्वाधिक मतका साथ पहिलो र शक्तिशाली दल बनाएपछि पार्टी अध्यक्ष श्रद्धेय केपी शर्मा ओलीका नेतृत्वमा बनेको सरकारले "समृद्ध नेपाल: सुखी नेपाली"को राष्ट्रिय आकाङ्क्षा अघि सारेको थियो । यसलाई हासिल गर्न त्यसपछिको सरकारको पहिलो वर्षलाई आर्थिक समृद्धि तथा सामाजिक रूपान्तरणको "आधार वर्ष"का रूपमा लिइयो । संविधानले परिकल्पना गरेको तीन तहका सरकारहरुको विधिवत् सञ्चालनका लागि आवश्यक कानुनी तथा संरचनागत आधारहरु पनि छोटो समयमा नै निर्माण गर्न हामी सफल भयौं ।

मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणका निम्ति पूर्वाधार विकासमा प्राथमिकता दिँदै स्पष्ट सोच र कार्यक्रमका साथ जनतामा आशा र भरोसा जगाउँदै अगाडि बढिरहेका थियौं । भूकम्पपछिका पुनर्निर्माण चुनौतीकै रूपमा थियो, तर हाम्रो उपलब्धि विश्वका सामु प्रशंसनीय थियो । यसै बेला, सरकार सञ्चालनको तेस्रो वर्षको प्रारम्भमै कोभिड-१९ को महामारीले हाम्रो सम्पूर्ण ध्यान र स्रोत जनताको जीवन रक्षामा केन्द्रित गर्नुपऱ्यो । नेपालमा कोभिड-१९ विरुद्धको लडाइँ त्यससम्बन्धी कुनै पूर्वाधार नभएको शून्य अवस्थाबाट सुरुआत गरिएको थियो । तर, छोटो समयमै अत्यावश्यक मेडिकल सामग्री, प्रविधि, जनशक्तिको व्यवस्थापन तथा परिचालन गरी प्रभावकारी ढङ्गबाट तुलनात्मकरूपमा मानवीय क्षति न्यूनीकरण गर्न हामी सफल भयौं । कोभिड १९ को महामारीलाई नियन्त्रण गरी देश पुनः आर्थिक समृद्धिको यात्रामा लम्किन खोजिरहेका बेला केही सीमित व्यक्तिका निजी महत्वाकाङ्क्षाका कारण विभिन्न षड्यन्त्र रची जननिर्वाचित सरकारलाई अदालती परमादेशबाट विस्थापित गर्ने काम भयो । हाम्रो सरकारले अगाडि बढाएका स्थानीय तहसम्म सुविधा प्रदान गर्ने शिक्षा, सडक, अस्पताल जस्ता आर्थिक र सामाजिक समृद्धिका आधारशिला निर्माण गर्ने कार्यहरु हालको गठबन्धन सरकार बनेपछि मने देशव्यापीरूपमा पूर्णतया ठप्प हुन पुगे ।

यति हुँदाहुँदै पनि पहिलेदेखिका हाम्रा पहलमा काठमाडौंको यस क्षेत्र-पाँच, १ र २ को विकास र समृद्धिका लागि धेरै कामहरु भएका छन् । विभिन्न सडक तथा कोरिडोरहरु, सामुदायिक विद्यालयका भवन तथा अन्य भौतिक संरचनाहरु, मठ-मन्दिर-सत्तल-सामुदायिक भवनहरु, खानेपानी योजनाहरु, सार्वजनिक जग्गा संरक्षण तथा पार्कहरुको निर्माण, सरकारी अस्पतालहरुको स्तरोन्नति तथा टोखा चण्डेश्वरी अस्पतालको स्थापना र सञ्चालनलगायतका कामहरु विगत ५ वर्षमा भए ।
तथापि यस क्षेत्रको समृद्धि र विकासका निम्ति गर्नुपर्ने कामहरु अझै धेरै बाँकी नै छन् । यसर्थ हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले) ले आगामी मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा प्रतिनिधिसभा सदस्यका लागि पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, प्रदेशसभा तर्फ क्षेत्र ५(१) बाट केन्द्रीय सदस्य नारायण सिलवाल र ५(२) बाट काठमाडौं जिल्ला अध्यक्ष दीपक निरौलालाई "सूर्य" ध्वजावाहक उम्मेदवारको रूपमा प्रस्तुत गरेको छ ।

"समृद्ध नेपाल: सुखी नेपाली"को राष्ट्रिय आकाङ्क्षा हासिल गर्न स्पष्ट नीति, योजना, कार्यक्रम र दृढ सङ्कल्पसहित प्रस्तुत हुनुभएका यस क्षेत्रका "सूर्य"ध्वजावाहक उम्मेदवारहरुको तर्फबाट हामी निम्न प्रतिबद्धता प्रस्तुत गर्न चाहन्छौं -

१ नेपाली जनताको सात दशक लामो सङ्घर्ष र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान (२०७२) को रक्षा र कार्यान्वयनमा हामी दृढतापूर्वक क्रियाशील हुनेछौं । राष्ट्रियता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान र जनताको अधिकारको रक्षा गर्न जनता, संसद र सरकारमा आवश्यक नेतृत्वदायी र समन्वयकारी भूमिका प्रदान गर्नेछौं ।

२ स्थानीय तहको निर्वाचनमा जारी नेकपा (एमाले) को घोषणा-पत्र र प्रतिबद्धता-पत्रको कार्यान्वयन गर्न केन्द्र र प्रदेश सरकारका तर्फबाट स्थानीय तहका जनप्रतिनिधिहरुलाई विशेष सहयोग र समन्वय गर्नेछौं ।

३ काठमाडौं क्षेत्र ५ मा विद्यमान सामुदायिक तथा गुठी विद्यालयहरुमा पूर्वाधार तथा शैक्षिक गुणस्तर अभिवृद्धि गरी स्थानीय जनताको शैक्षिक आकर्षणको केन्द्रका रूपमा विकास गरिने छ ।

४ शिवपुरी मा.वि. र तिलिङगाटार मा.वि.मा सञ्चालन भइरहेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई विस्तार गरी अन्य थप ३ वटा सामुदायिक तथा गुठी विद्यालयहरुमा लागु गर्न पहल गरिने छ ।

५ युवा लक्षित प्राविधिक तालिम सञ्चालन गरी स्वरोजगार सिर्जना गर्न पहल गरिने छ । भिन्नरूपले सक्षम नागरिकका लागि व्यक्ति विशेषको क्षमतामा आधारित तालिम प्रदान गरी पुनर्स्थापन गर्न र आत्मनिर्भर बन्न पहल गरिने छ ।

६ काठमाडौं क्षेत्र नं ५ भित्रको उपयुक्त स्थानमा आधुनिक प्रविधियुक्त प्राविधिक शिक्षालयको स्थापना गरी अध्ययन-अध्यापन सुरु गराइने छ ।

७ यस क्षेत्रमा रहेका निजी विद्यालय तथा कलेजहरुलाई गुणस्तरीय शिक्षा प्रवाह गर्नका लागि आवश्यक सहजीकरण गरिने छ । साथै, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि शैक्षिक पहुँच विस्तार गर्न पहल गरिने छ ।

८ यस क्षेत्रमा देशकै प्रतिष्ठित सरकारी अस्पतालहरु त्रिभुवन विश्वविद्यालय

८ शिक्षण अस्पताल, गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्र, कान्ति बाल अस्पताल, नेपाल प्रहरी अस्पताललगायतका निकाय छन्। यी अस्पतालहरुको गुणस्तर र सेवा विस्तारित गरी अन्तर्राष्ट्रिय स्तरको सेवा प्रदान गर्ने अस्पतालका रुपमा विकास गर्न यिनलाई स्रोत, साधन सम्पन्न बनाउन पहल गरिने छ ।

९ ठोखा चण्डेश्वरी प्रदेश अस्पताललाई स्तरोन्नति गरिने छ । स्थानीय पालिकाहरुसँग समन्वय गरी यस क्षेत्रका सबै वडामा आधारभूत प्रयोगशालासहितको "सहरी स्वास्थ्यसेवा केन्द्र" स्थापना गरी स्वास्थ्यसेवालाई जनताको घरदैलोमा पुऱ्याइने छ । साथै, हाम्रो क्षेत्रमा रहेका निजी अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट स्थानीय जनताको लागि गुणस्तरयुक्त र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि पहल गरिने छ ।

१० शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक आर्थिक क्षेत्रमा सरकारी, सामुदायिक, सहकारी र निजी स्तरमा सञ्चालित निकायहरुका बिचमा चुनौती र उपलब्धिहरुलाई एकआपसमा साझा गर्ने कार्यक्रम राख्दै तिनका सिकाइहरुबाट भविष्यमा जनतालाई स्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखिने छ ।

११ यस क्षेत्रबाट निर्वाचित नेपालका प्रथम कम्युनिस्ट प्रधानमन्त्री तथा जनताका प्रिय नेता स्व. मनमोहन अधिकारीको सपनालाई साकार पार्न यस क्षेत्रमा ज्येष्ठ नागरिकका लागि आधारभूत स्वास्थ्य सेवासहितको राष्ट्रकै नमुना "मनमोहन ज्येष्ठ नागरिक सदन" निर्माण गरी ज्येष्ठ नागरिकका लागि दिवा सेवा सञ्चालन गरिने छ ।

१२ लिच्छविकालीन राजधानीका रुपमा वैभवपूर्ण इतिहास बोकेको हाँडीगाउँ, लिच्छविकालीन संस्कृति संरक्षित क्षेत्रका रुपमा रहेको ठोखा र धार्मिक क्षेत्रका रुपमा परिचित बुढानीलकण्ठलाई ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक क्षेत्रका रुपमा विकास गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यस्थल बनाउन योजना निर्माण गरिने छ । यस क्षेत्रभित्र रहेका पुरातात्विक महत्वका मन्दिर, चैत्य, मस्जिद, चर्चलगायत अन्य धार्मिक आस्थाका संरचनाहरुलाई संरक्षण र विकास गरिने छ ।

१३ राष्ट्रको कला, संस्कृति र गीत-सङ्गीतको सम्बर्द्धनका लागि यस क्षेत्रमा परम्परागत र आधुनिक सङ्गीत तालिम केन्द्रसहितको एक अत्याधुनिक "नारायण गोपाल स्मृति अडोटोरियम हल" निर्माण गरिने छ ।

१४ पानी पुनर्भरणको एउटा महत्वपूर्ण प्राकृतिक स्थल यसै क्षेत्रको उत्तरी भेग रहेको तथ्य अध्ययनहरुले देखाएका छन् । तसर्थ, काठमाडौं उपत्यकाका खोला, कुवा तथा परम्परागत धाराहरुमा पानीको स्रोत दिगो बनाउन शिवपुरी राष्ट्रिय निकुञ्जका फेदमा वर्षातको पानी सङ्कलन गर्न ठूला पोखरीहरु निर्माणको पहल गरी जल पुनर्भरणको पूर्वाधार तयार गरिने छ ।

१५ यस क्षेत्रका जनताका प्रमुख समस्याको रुपमा रहेको खानेपानीको

अभावलाई सम्बोधन गर्न वर्तमान पानी वितरण प्रणालीलाई सुदृढ गर्दै स्थानीय स्रोतसमेतको उपयोग गरी क्षेत्रका सम्पूर्ण घरमा स्वच्छ खानेपानी पर्याप्त मात्रामा उपलब्ध गराउन योजना बनाई कार्यान्वयन गरिने छ। मेलम्ची खानेपानी योजनाले समेट्ने क्षेत्रमा यथाशीघ्र खानेपानी विस्तार गर्न पहल गरिने छ ।

१६ स्थानीय पालिकाहरुसँग समन्वय गरी हरेक वडामा मनोरञ्जनस्थल, पार्क, वाचनालय, व्यायामशाला, सार्वजनिक शौचालयलगायत सार्वजनिक उपयोगका भौतिक संरचनाहरु निर्माण गर्न पहलकदमी लिइने छ । साथै, प्राकृतिक विपत्तिको बेलामा उपयोग हुने खुल्ला क्षेत्रको व्यवस्थापन गर्न पहल गरिने छ ।

१७ युवा तथा किशोरकिशोरी लक्षित सृजनशील साहित्यिक-सांस्कृतिक क्रियाकलाप लगायतका स्वस्थ मनोरञ्जनस्थल, क्लब तथा खेलकुदका केन्द्रहरुको विकासमा विशेष पहल गरिने छ । यसबाट उनीहरुमा सिप, व्यक्तित्व तथा नेतृत्व विकास र व्यावसायिक दक्षतासमेत बढ्ने छ । यसका निमित्त पालिकाहरुको सहकार्यमा युवाहरुकै समूहबाट योजना बनाई उनीहरुकै सहभागितामा तिनको कार्यान्वयन गरिने छ ।

१८ यस क्षेत्रलाई नमुना बस्तीका रुपमा विकास गर्न हरेक चोकमा सिसिटिभी, सडक बत्ती, हरेक टोलमा पक्की सडक (कालोपत्रे अथवा ढलान), सुरक्षा साइरन जडान, विभिन्न स्थानमा सामुदायिक प्रहरी स्थापना गर्न स्थानीय सरकारसँग समन्वय गरी पहल गरिने छ । सडक लगायतका सार्वजनिक पूर्वाधारको नियमित मर्मत सम्भारका लागि स्थानीय सरकारसँग समन्वय गरी स्थायी समाधान खोजिने छ । साथै, स्वास्थ्य उपचार, अग्निनियन्त्रक (दमकल), एम्बुलेन्स, सार्वजनिक यातायात आदिको सुलभ प्रबन्ध गर्न स्थानीय सरकारलाई विशेष सहयोग गरिने छ ।

१९ महिलाहरुको सिप तथा सामर्थ्य अभिवृद्धिका लागि विभिन्न सिपमूलक र सशक्तीकरणका तालिमहरु सञ्चालन गर्न ३ वटै पालिकामा "महिला सशक्तीकरण सामुदायिक भवन" निर्माण गरिने छ । महिला उद्यमीहरुबाट उत्पादित सामग्रीहरुको प्रदर्शनी तथा विक्री केन्द्र, व्यायामशाला लगायतका सुविधाहरुको समेत व्यवस्था गरिने छ ।

२० भौतिक संरचना निर्माण गर्दा भिन्नरुपले सक्षम नागरिक तथा बालबालिकामैत्री संरचनाहरु निर्माण गर्न पहल गरिने छ । विद्यालयहरुलाई छात्रामैत्री बनाइने छ ।

२१ सीमान्तीकृत, आर्थिक सामाजिकरुपमा पिछडिएका, दलित, भूमिहीन तथा सुकुम्बासीहरुको जीवनयापनलाई सघाउन स्वरोजगारका प्रभावकारी कार्यक्रम ल्याइने छ ।

२२ विष्णुमती, सामाखुसी, धोबीखोला, ढुकुचा, सपनतीर्थ, लुँडे लगायतका खोला तथा खहरेहरुको स्वच्छता र सौन्दर्यको व्यवस्थापनका लागि मुहानदेखि नै नक्शाङ्कन गरी संरक्षण गरिने छ । साथै, खोलाको दुवै तर्फ ठाउँ विशेषको आवश्यकता र अवस्था हेरी व्यवस्थित कोरिडोर निर्माण गरिने छ । नदी नियन्त्रण तथा कोरिडोर व्यवस्थापन गरी सामाखुसी लगायतका सम्भाव्य बाढी प्रकोप क्षेत्रलाई व्यवस्थित गरिने छ ।

२३ बुढानीलकण्ठको चिसिनी, डाँडागाउँ लगायत तामाङ बस्तीमा तामाङ होमस्टेको विकास र विस्तार तथा टोखामा नेवार होमस्टे स्थापना तथा टोखा - चण्डेश्वरी - बुढानीलकण्ठ - बागद्वार - चिसापानी हुँदै गोसाईंकुण्ड जाने पदमार्ग निर्माण गरी स्थानीय जनतामा स्वरोजगारी सिर्जना गर्न पहल गरिने छ । रानीवन जङ्गल क्षेत्रलाई इको टुरिजम केन्द्रका रुपमा विकास गरिने छ ।

२४ सहकारीमार्फत कृषि उपजको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण गर्न आवश्यक सहयोग गरिने छ । साथै, सहकारी अभियानलाई थप मजबुत र जिम्मेवार बनाउन सहकारी कर्जा सूचना केन्द्र, बचत तथा ऋण सुरक्षा कोष र अनुगमनका लागि छुट्टै संयन्त्र निर्माणको पहल गरिने छ ।

२५ यस क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको खोजी तथा संरक्षण गर्दै पर्यावरणीय प्रबर्द्धन गरी सार्वजनिक हितका निम्ति प्रयोग गर्न स्थानीय सरकारलाई सहयोग गरिने छ ।

२६ शिवपुरी क्षेत्र काठमाडौं उपत्यकाको पर्यावरण संरक्षण र जलधारा क्षेत्र हो । यसको संरक्षणलाइ महत्व दिइने छ । शिवपुरी क्षेत्रलाई जनताको उपयोगमा समेत रहने गरी पर्यटन प्रवर्द्धनसँग एकाकार गरिने छ।

२७ यस क्षेत्रको फोहोर व्यवस्थापनका लागि उपयुक्त प्रविधि प्रयोग गरी जैविक फोहोरलाई प्राङ्गारिक मल उत्पादन गर्न आवश्यक पहल गरिने छ।

२८ चीन सरकारको सहयोगमा दोस्रो चरणमा निर्माण हुने चक्रपथ विस्तारलाई कलङ्कीदेखि धोबीखोलासम्म पुऱ्याउन पहिलेदेखि गरिरहेको पहलकदमीलाई थप तीव्रता दिइने छ । साथै, प्रस्तावित टोखा-छहरे-त्रिशूली-केरुङ सडक मार्ग तथा टोखा-छहरे सुरुङ मार्गलाई सम्पन्न गर्न विशेष प्राथमिकताका साथ पहल गरिने छ ।

स्वाभाविक रुपमा नेकपा (एमाले)ले देखेका विकासका सपना र हाम्रा अधुरा काम सम्पन्न गर्न हामी नै सरकारमा पुग्नु यतिबेलाको अनिवार्य आवश्यकता हो । यसर्थ आगामी २०७९ मङ्सिर ४ गते रविवारको सूर्योदयसँगै आरम्भ हुने निर्वाचनमा यसै क्षेत्रका विकासका लागि आफ्ना सिप र श्रम खियाइरहेका सूर्यध्वजावाहक हामी उम्मेदवारलाई पूर्ववत् माया गर्दै विजयी गराई नेपाललाई सम्पन्नतातिर डोहो-याउनु हुन हामी सबै मतदातासमक्ष विनम्र अनुरोध गर्दछौं ।

निर्वाचन परिचालन कमिटी
नेकपा एमाले
काठमाडौं क्षेत्र नं ५